कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
धनकुटा, नेपाल

☎ 026-522508
026-522213
✉ E-mail : edhd.dhankuta@gmail.com
Website : hd.koshi.gov.np

## सूचना! सूचना!! सूचना!!!

## प्रथम पटक प्रकाशित मिति २०८३।०४।२२ गते

यस निर्देशनालयको परिसर भित्र चमेनागृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक तथा व्यावसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा रु.५००। (पाँच सय) दस्तुर तिरेर चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी संलग्न खाना/खाजाको परिकार र इकाई अनुसारको बस्तु तथा सेवा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ, दररेट सहितको सिलबन्दी दरभाउको प्रस्ताव २०८३ श्रावण २८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

- खामबन्दी दररेट साथ फर्म दर्ता प्रमाण पत्र, संचालकको नागरिकता प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र, करचुक्त प्रमाण पत्र संलग्न गर्नु पर्ने छ । सिलबन्दी खामको बाहिर प्रस्तावकले नाम, थर, ठेगाना र सम्पर्क नं. स्पष्ट उल्लेख गर्नु पर्नेछ । सिलबन्दी प्रस्ताव २०८३ श्रावण २८ गते दिनको २:०० बजे खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव फाराम खोल्न बाधा पर्ने छैन ।
- चमेनागृह भवन स्वयम व्यक्तिले नै स्थानीय श्रोत साधन प्रयोग गरी आफै निर्माण गर्नु पर्नेछ । प्रयोग गरे वापत मासिक के कति भाडा बुझाउने हो उल्लेख गर्नु पर्नेछ ।
- पिउने तथा खाना बनाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नु पर्नेछ ।
- क्यान्टिनका लागि छुट्टै विद्युत सब-मिटर जडान गर्नु पर्ने र उक्त मिटरमा उठेको बिलको भुक्तानि दायित्व चमेनागृह सञ्चालकको हुनेछ ।
- क्यान्टिनका लागि आवश्यक पर्ने कुर्सी, टेबल तथा अन्य भाडावर्तनको व्यवस्था सञ्चालक स्वयंले गर्नु पर्नेछ ।
- क्यान्टिन सञ्चालकले खाद्य स्वच्छताको आधारमा होटेल रेस्टुरेन्ट स्तरिकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु पर्नेछ । अधिकार प्राप्त निकाय र कार्यालयबाट समय समयमा क्यान्टिनको निरिक्षण गरिनेछ । निरीक्षण गर्दा क्यान्टिनबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण गुणस्तर एवं क्यान्टिन र वरपरको सरसफाई, सेवा प्रवाह सन्तोषजनक नभएको पाईएमा कार्यालयले निर्णय गरि जुनसुकै बखत हटाउन सक्नेछ।
- क्यान्टिन संचालनको अवधि २०८४ असार मसान्तसम्म रहनेछ । कार्यालयलाई आवश्यक भएमा र क्यान्टिन संचालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार क्यान्टिन संचालनको सयमावधि थप गर्न सकिनेछ ।
- कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।

.......................

सोमनाथ अधिकारी
उपसचिव
स्वास्थ्य निर्देशनालय, धनकुटा